BURLINGTON SCHOOL DISTRICT

प्रिय छात्र- छात्रा र परिवार,

बर्लिङ्‌टन विद्यालय बोर्ड हाम्रो विद्यालय धाउने बर्लिङ्‌टनका हरेक बच्चाको सही सुरक्षा गर्न प्रतिबद्ध छ। हामी बर्लिङ्‌टनका विद्यालयमा हरेक बच्चा पूर्ण समावेश र सुरक्षित हुनुपर्छ, अनि  प्रत्येक् बच्चाले उच्च गुणस्तरीय शिक्षाको पहुँच गर्न पाउनुपर्दछ भन्ने विश्वास गर्दछौं।

बर्लिङ्‌टन विद्यालय बोर्ड हाम्रा सबै विद्यार्थीहरूका लागि समान अवसर प्रदान गर्न प्रतिबद्ध छ। हामी दृष्टिकोण, अनुभव  र विविधता प्रदान गर्ने संस्कृतिका धनि विद्यार्थीहरू, परिवार, र कर्मचारी सबैलाई बहुमुल्य ठान्दछौं। हाम्रो जिल्लामा हामी सम्पूर्ण विध्यार्थीहरुको आ-आफ्नो ब्यक्तित्वको सम्मान गर्ने वतावरणको श्रीजना गर्नमा प्रयासरत् छौं। हाम्रो सबैभन्दा ठूलो शक्ति भनेको विविधता सबैको शिक्षाको लागि एउटा सम्पत्ति हो भन्ने विश्वास र यस् विश्वाशमा हामी एकताबद्ध छौं।

यो कथन सँगै हामी जिल्लाको निम्न नीति र प्रक्रियाहरु पुनः पुष्टि  गर्न चाहन्छौं।

- सबै विद्यार्थीहरूलाई आप्रवास स्थिति बिना बर्लिङ्‌टनका विद्यालयमा स्वागत छ। हाम्रो शीर्ष प्राथमिकता हाम्रा सबै विद्यार्थीहरूको शिक्षा र सुरक्षा हो।

- हामी कुनै पनि विद्यार्थी वा परिवारका सदस्यको आप्रवास स्थिति सम्बन्धमा जानकारी सोध्ने, संकलन गर्ने र राख्ने गर्दैनौं।  विद्यार्थीको जानकारी सुरक्षित गर्ने हाम्रो अभ्यास कायम रहने छ। संघीय व्यवस्था अनुरुप, परिवार शैक्षिक अधिकार र गोपनीयता ऐन (FERPA)ले सबै विद्यार्थीहरुको रेकर्ड गोपनीय र सुरक्षित राख्नु पर्ने ब्यवस्था अनुरुप हामी त्यस नियमको पलाना गर्दछौं।

- अध्यागमन र भन्सार प्रवर्तन (ICE) द्वारा विद्यालय वा विद्यालयमा भएको विध्यार्थीको रेकर्ड् मागेको अवस्थामा त्यस्तो अनुरोधलाई अधीक्षक समक्ष उल्लेख गरिनेछ। हामी कानुन बमोजिम मात्र विद्यालयमा प्रवेस वा विध्यार्थीको जानकारी प्रदान गर्नेछौं।

- जिल्ला समक्ष कुनै परिवारले आफ्नो शैक्षिक अधिकार वा कानुनी स्थिति सन्दर्भमा प्रश्न गरेमा त्यस्ता परिवारहरुलाई जिल्लाले उत्तरका लागि हाम्रो समुदायमा यो क्षेत्रमा विशेषज्ञता भएका अन्य संस्थाहरु जस्तै: भर्मन्ट शरणार्थी पुनर्बास कार्यक्रम, भर्मन्ट कानुनि सहायता, जिल्लाको प्रमुख अधिवक्ताको कार्यालय, भर्मन्ट्को कांग्रेस प्रतिनिधिहरुको कार्यालयमा सिफारिश मार्फत कानुनी स्थिति सम्बन्धी जानकारी र समर्थन प्रदान गर्नेछ।

तपाईहरु बर्लिङ्‌टन स्कुल डिस्ट्रिक्टको हिस्सा हुनुभएकोमा हामी भाग्यवान छौं।  यो तपाईको अधिकार हो र तपाईहरु यहाँ हुनाले बर्लिङ्‌टन शहर र हाम्रो स्कूल समुदाय समृद्ध भएको छ। हामी खुला अँगालाले तपाईलाई स्वागत गर्दछौं।

- बर्लिङ्‌टन विद्यालय बोर्ड

